# कक्षा १२ का विद्यार्थीहरूको संयुक्त वर्ण लेखन क्षमता

***दिनेश घिमिरे,*** पिएचडी

उपप्रा., नेपाली शिक्षा, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि., कीर्तिपुर

*dinesh.ghimire@cded.tu.edu.np*

**लेखसार**

*प्रस्तुत लेख विद्यालय तहका विद्यार्थीहरूको नेपाली भाषाका संयुक्त वर्ण लेखन क्षमता परीक्षणसँग सम्बन्धित छ। यसमा मिश्रित अध्ययन ढाँचामा आधारित रहेर तथ्याङ्क शास्त्रीय विधिका साथै भाषिक विशिष्टता वर्णनका लागि वर्णनात्मक विधि उपयोग गरिएको छ। कक्षा १२ मा अध्ययनरत जम्मा २०० जना विद्यार्थीमा गरिएको यस अध्ययनबाट मातृभाषी र विमातृभाषी विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमतामा तात्त्विक फरक नरहेको, उनीहरूको संयुक्त वर्ण लेखन क्षमता मातृभाषाका कारणले भन्दा पनि व्यक्तिका भाषिक दक्षताले बढी प्रभावित भएको, विद्यार्थीहरूको लेखाइमा अभ्यस्त प्रयोगमा रहेका क्ष, ज्ञ, श्र, प्र, र आदि वर्णको संयुक्ततामा कम त्रुटि हुने गरेको, 'ऋ'को प्रयोगका सन्दर्भमा सग्लो वर्णका रूपमा 'ऋ' प्रयोगमा शुद्धता पाइए पनि अन्य वर्णसँग योग भएर आउने कृ, बृ आदिको लेखनमा बढी त्रुटि देखिएको, त्यस्तै ङ, त्त, क्त आदिको संयुक्ततामा खप्टिएको वर्ण लेख्नेभन्दा हलन्त प्रयोग गरेर लेख्ने प्रवृत्ति बढी विद्यार्थीमा पाइएको जस्ता निष्कर्षमा पुगिएको छ।*

***मुख्य शब्दावली :*** *अवशेषीकृत, औसत मान, लेखन प्रवृत्ति, वर्णविन्यास, संयुक्त वर्ण।*

## विषय प्रवेश

एकभन्दा बढी वर्णको योगबाट निर्मित वर्णलाई संयुक्त वर्ण भनिन्छ। यस्ता वर्णको लेखन अन्य वर्णका तुलनामा जटिल हुन्छ। शिक्षण सिकाइलाई प्रभावकारी बनाउने सन्दर्भमा संयुक्त व्यञ्जन वर्णको लेख्य स्वरूपबारे वर्ण खप्ट्याएर लेख्ने कि हलन्त बनाएर लेख्ने भन्नेबारे मतमतान्तर भेटिन्छ। तथापि, विद्यार्थीमा लेखनको कस्तो प्रवृत्ति विद्यमान छ भन्ने सन्दर्भमा खासै चर्चा भएको पाइँदैन।

विद्यार्थीमा सचेतताको कमी तथा संयुक्त वर्णको शुद्ध लेखनमा ख्याल नगर्नु जस्ता कारणले नेपाली भाषाको लेखनमा उनीहरू 'द्य'लाई 'ध्य', 'द्व'लाई 'द्ध' लेख्ने अनि उच्चारण सोअनुरूप नै गर्ने गरेको पाइन्छ। विश्वविद्यालयका उपल्ला तहमा आइपुग्दा समेत यस्ता त्रुटिहरू अवशेषीकृत भएका पाइन्छन्। संयुक्त वर्णको लेखन भाषिक शुद्धताका दृष्टिले महत्त्वपूर्ण विषय भए तापनि शिक्षक, विद्यार्थी, अनुसन्धाता आदिको ध्यान त्यसतर्फ पुग्न नसक्दा समस्या झन् जटिल बन्दै गएको छ। तसर्थ प्रस्तुत अध्ययनमा संयुक्त व्यञ्जन वर्ण, तिनका विशिष्टता, विद्यार्थीको संयुक्त अक्षर लेखन क्षमता र लेखन प्रवृत्ति पहिल्याउने प्रयास गरिएको छ।

## सम्बद्ध कार्यको पुनरावलोकन

नेपाली भाषामा प्रयोग हुने संयुक्त वर्णका सम्बन्धमा अधिकारी र शर्मा (२०६२) मा 'संयुक्त अक्षर चिनारी तथा लेखन शिक्षण' शीर्षकमा प्य (प्याज), ल्ट (बाल्टी), म्च (चम्चा) आदि ठाडो धर्को हटाउँदा बन्ने; भ्य (भ्याल), फ्य (फ्याउरो) आदि ठाडो धर्कोमा नटुङ्गिने; ङ्ल (नाङ्लो), ट्न (काट्नु) आदि खुट्टो काटेर लेखिने; द्द (भद्दा)/द्दा (भद्दा), द्य (विद्या)/द्य (विद्या) आदि दुई किसिमले लेखिने; त्र्य, र्व, कृ, म्र, ट्र आदि 'र' वर्णको संयुक्तिमा बन्ने जस्ता गरी विभिन्न प्रकारका संयुक्त वर्णलाई चिनाइएको छ। *अनिवार्य*

*नेपाली शिक्षण निर्देशिका* (२०६६) मा क्ष, त्र, ज्ञ आदि वर्णलाई नेपालीका संयुक्त वर्ण भनी चिनाइएको छ। नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित *नेपाली भाषा सङ्गोष्ठी (२०६७)* का निष्कर्षमध्ये १ (घ) मा "संयुक्त वर्णहरूलाई यथासम्भव हलन्त व्यञ्जनका साथ लेख्न प्रोत्साहित गर्ने, जस्तै : रक्त, पद्य, विद्वान्, उद्देश्य आदि" भन्ने उल्लेख छ। बन्धु (२०६८) मा संयुक्त वर्णमध्ये कुनैमा वर्ण चिनिने गरी जस्तै : क्क, क्ख आदि र कुनैमा नचिनिने गरी जोडिने जस्तै : क्ष, द्य, ट्र आदि विशेषता रहने उल्लेख छ। त्यस्तै न्यौपाने (२०६८) मा वर्णविन्यासको मानकीकरणको समस्या समाधानका सन्दर्भमा क्त, द्ध, द्य, द्व, द्व आदिका वर्णलाई छुट्याएर लेख्न सकिने अर्थात् वैकल्पिक प्रविष्टि स्विकार्नुपर्ने उल्लेख छ। शर्मा (२०७३) ले "हाम्रा पाठशालाहरूका छात्रछात्राहरूले द्य, द्व, ध्य, ड्द्य, द्द, द्ध, व्य, ह्य, क्त, ट्य, ड्य आदि संयुक्त व्यञ्जनहरू चिन्दैनन्, किनभने हाम्रा शिक्षक शिक्षिकाहरू नै संयुक्त ध्वनिलाई सिकाउने कष्ट गरिरहँदैनन्" भन्ने उल्लेख गरेका छन्। यसबाट संयुक्त वर्णको लेखन जटिल हुन्छ र संयुक्त वर्णलाई पठनपाठनमा जोड दिइँदैन भन्ने तथ्य उजागर भएको पाइन्छ। सापकोटा (२०७४) ले वर्णका विभिन्न प्रकार चिनाउँदै बुई अक्षर र आधार अक्षर मिलेर संयुक्त अक्षर बन्ने उल्लेख गरेका छन्। यसमा उनले वाक्क, भक्त, क्वाप्प, बाख्रो, आरोग्य, स्वच्छ, झन्डा, अश्रु, निश्छल, आज्ञा, श्रद्धा, ऐश्वर्य, अष्ट आदिलाई उदाहरणका रूपमा दिइएका छन्। आचार्य (२०७४) ले अक्षरलाई साउँ अक्षर र संयुक्त अक्षरका रूपमा चिनाएका छन्। दाहाल (२०७४) द्वारा अक्षर निर्धारणका सन्दर्भमा संयुक्त वर्णको चर्चा गरेको पाइन्छ। त्यस्तै आचार्य (२०७५) द्वारा प्रधान (२०२७) लाई उद्धृत गर्दै ऐ, औ आदिलाई संयुक्त स्वरका रूपमा चिनाइएको छ। अधिकारी (२०७६ क) द्वारा नेपाली भाषाका व्यञ्जन वर्णको संयुक्ततालाई सोदाहरण चिनाइएको छ। यसमा एकभन्दा बढी व्यञ्जन वर्णको योग हुनुलाई संयुक्त व्यञ्जन मानिएको छ। उनले विभिन्न प्रकृतिका संयुक्तता उल्लेख गर्दै दिएका उदाहरणमध्ये केही शब्दहरूको संयुक्तता यहाँ उदाहरणका रूपमा उल्लेख गरेका छन् : शक्ति/शक्ति, विद्या/विद्या, सत्ता/सत्ता, सद्दे/सद्दे, भद्दा/भद्दा, विद्वान्/विद्वान्, बुद्ध/बुद्ध, विश्व, सल्यान, कन्या, सत्य, गाग्री, भऱ्याङ, छल्यो, पक्का, प्याज, ऱ्याल, न्वारन, ह्वेल, ल्वाङ, प्रसाद, ग्रह, विक्रेता, त्रिभुज, ह्वेल, ग्लानि, क्लिप, स्पष्ट, भन्ज्याङ, खन्चुवा, चुल्हो, गन्हाउनु, ब्रह्मा, बल्ल, भक्त, रिजल्ट, धर्म आदि। अधिकारी (२०७६ ख) द्वारा नेपाली भाषाका सत्य, कन्या, सभ्य, राम्रो, बाक्लो, क्षमा, क्षेत्र आदि संयुक्त वर्णको उच्चारणगत विविधताबारे उल्लेख गरिएको छ। यसमा *चन्द्रगढी घोषणा पत्र* (२०६६) लाई उल्लेख गर्दै 'क्त' लाई 'क्त', 'द्य' लाई 'द्य', 'द्द' लाई 'द्द', 'त्त' लाई 'त्त' गरेर लेख्दा संयुक्त वर्णहरू कुन कुन वर्ण मिलेर बनेका हुन् भन्ने छुट्याउन सजिलो हुने धारणा औंल्याइएको छ। यसरी समग्रमा साउँ अक्षरका तुलनामा संयुक्त अक्षरको लेखन जटिल हुने साथै संयुक्त अक्षरको लेखनमा वैकल्पिक प्रयोग गर्न सकिने जस्ता तथ्यहरू प्राप्त गर्न सकिए पनि विद्यार्थीको लेखन प्रवृत्तिबारे खास चर्चा तथा अध्ययन भएको नपाइएकाले यस अध्ययनले उक्त अन्तराल कम गर्ने विश्वास लिइएको छ।

## अध्ययन विधि

यस अध्ययनमा संयुक्त वर्ण लेखन परीक्षणबाट प्राप्त तथ्याङ्कको औसत मान र प्रतिशतका आधारमा व्याख्याविश्लेषण गरिएको छ। उक्त सन्दर्भमा परिमाणात्मक र प्राप्त तथ्यहरूको लेखन प्रवृत्तिसम्बद्ध अध्ययन विश्लेषणका क्रममा गुणात्मक तरिका अवलम्बन गरिएको हुँदा यो अध्ययन मिश्रित ढाँचामा आधारित छ। काठमाडौँ जिल्लाका दुईओटा सामुदायिक र दुईओटा संस्थागत विद्यालयबाट प्रतिविद्यालय ५० जनाका दरले २०७९/०८० को शैक्षिक सत्र कक्षा १२ मा अध्ययनरत जम्मा २०० जना विद्यार्थीमा यो अध्ययन केन्द्रित छ। यी विद्यार्थीमध्ये नेपाली मातृभाषी १०० र गैरमातृभाषी १०० जना पर्ने गरी छनोट गरी तिनलाई संयुक्त वर्ण प्रयोग भएका शब्दको श्रुतिलेखन गराई तथ्य सङ्कलन गरिएको छ।

सामग्री सङ्कलनका लागि सर्वप्रथम कक्षा १२ को अनिवार्य नेपाली पाठ्यपुस्तकबाट संयुक्त वर्णयुक्त शब्दहरूको सङ्कलन गरी उक्त शब्दहरूका साथै सो पाठ्यपुस्तकमा नपरेका तर विद्यार्थीको दैनिक प्रयोगमा आइराख्ने खालका संयुक्त वर्णयुक्त शब्दहरू सङ्कलन गरेपछि विभिन्न उपवर्गमा राखेर शब्दसूची

तयार पारिएको छ। त्यसपछि विद्यार्थीलाई श्रुतिलेखन गराई प्राप्त उत्तरलाई सर्वप्रथम तालिकाबद्ध गरिएको छ। यस क्रममा एक्सल सिटमा तथ्याङ्क उतारी हरेक विद्यार्थीले हासिल गरेको सही उत्तर सङ्ख्याका साथै हरेक शब्दमा सबै विद्यार्थीले दिएका सही उत्तर सङ्ख्याको अलग अलग योगफल निकाली प्रत्येक शब्दको प्राप्ताङ्कको अलग अलग औसत मान र प्रतिशत निकालेर त्यसका आधारमा विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमता पहिल्याई निष्कर्षमा पुग्ने काम भएको छ। विश्लेषणका क्रममा ४० प्रतिशतभन्दा कम विद्यार्थीले सही उत्तर मिलाएमा न्यून स्तर, ४०–६० प्रतिशतसम्म विद्यार्थीले सही उत्तर दिएमा मध्यम स्तर, ६०–८० प्रतिशतसम्म विद्यार्थीले सही उत्तर दिएमा उच्च स्तर र ८० प्रतिशतभन्दा माथि विद्यार्थीले सही उत्तर दिएमा त्यसलाई संयुक्त वर्ण लेखन क्षमता अति उच्च स्तरको मानेर सोहीअनुसार व्याख्या विश्लेषण गरिएको छ । यो अध्ययन संयुक्त वर्ण लेखनसँग सम्बन्धित भएकाले यसमा वर्णविन्याससम्बन्धी अन्य पक्षको ख्याल नगरी संयुक्तताका आधारमा मात्र शब्दलाई शुद्ध वा अशुद्ध मानिएको छ।

## नतिजा तथा छलफल

प्रस्तुत अध्ययनमा नेपाली मातृभाषी, नेपाली दोस्रो भाषी र समग्र विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमताको विश्लेषण गरिएको छ।

### समग्र विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमता

समग्र विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमता (वर्ण खप्ट्याएर लेख्ने र वर्णलाई हलन्त गरेर अलग अलग लेख्ने दुवै गरी) लाई आधार मान्दा विद्यार्थीको प्राप्ताङ्कमा अत्यधिक अन्तर देखिन्छ । संयुक्त वर्ण प्रयोग भएका जम्मा १०० ओटा शब्दहरू लेखाएर परीक्षण गरिएकामा सबैभन्दा कम ९ शब्दको सही उत्तर दिनेदेखि सबैभन्दा बढी ९९ शब्दको सही उत्तर दिएको पाइयो । नतिजाको आधारमा ४० भन्दा कम शब्द मिलाउने विद्यार्थी ७ जना अर्थात् ३.५ प्रतिशत, ४०–६० शब्द मिलाउने विद्यार्थी २६ जना अर्थात् १३ प्रतिशत, ६०–८० शब्द मिलाउने विद्यार्थी ८६ जना अर्थात् ४३ प्रतिशत, ८०–१०० शब्द मिलाउने विद्यार्थी ८१ जना अर्थात् ४०.५ प्रतिशत रहेका छन् । यसरी न्यूनतम र अधिकतम शब्दको सही उत्तरका बिच ९० अङ्कको यस्तो ठुलो अन्तर देखा परे पनि समग्र परिणाम भने त्यस्तो भयावह रहेको पाइएन । संयुक्त वर्ण लेखन क्षमताका दृष्टिले ६० प्रतिशतभन्दा माथि शब्दको सही उत्तर दिने विद्यार्थी सङ्ख्या ८३.५ रहेकाले समग्रमा विद्यार्थीहरूको संयुक्त वर्ण लेखन क्षमता उच्च रहेको देखिन्छ।

### नेपाली मातृभाषी विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमता

मातृभाषी विद्यार्थीको मात्र संयुक्त वर्ण लेखन क्षमतालाई आधार मान्दा ४० भन्दा कम शब्द मिलाउने विद्यार्थी १ जना अर्थात् १ प्रतिशत, ४०–६० शब्द मिलाउने विद्यार्थी १४ जना अर्थात् १४ प्रतिशत, ६०–८० शब्द मिलाउने विद्यार्थी ४० जना अर्थात् ४० प्रतिशत, ८०–१०० शब्द मिलाउने विद्यार्थी ४५ जना अर्थात् ४५ प्रतिशत रहेका छन् । यस तथ्यलाई मनन गर्दा शब्दमा रहेको संयुक्त वर्ण लेखन क्षमताका दृष्टिले ६० प्रतिशतभन्दा माथि नतिजा हासिल गर्ने विद्यार्थी सङ्ख्या ८५ प्रतिशत रहेकाले विद्यार्थीहरूको संयुक्त वर्ण लेखन क्षमता उत्कृष्ट रहेको देखिन्छ । समग्र विद्यार्थीको क्षमतासँग नेपाली मातृभाषी विद्यार्थीको नतिजालाई तुलना गर्दा समेत १.५ प्रतिशतले मात्र बढी रहेको नतिजाका आधारमा नेपाली मातृभाषी विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमता अन्य विद्यार्थीभन्दा भिन्न देखिँदैन।

### गैरमातृभाषी विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमता

गैरमातृभाषी विद्यार्थीको मात्र संयुक्त वर्ण लेखन क्षमतालाई आधार मान्दा ४० भन्दा कम शब्द मिलाउने विद्यार्थी ६ जना अर्थात् ६ प्रतिशत, ४०–६० शब्द मिलाउने विद्यार्थी १२ जना अर्थात् १२ प्रतिशत, ६०–८० शब्द मिलाउने विद्यार्थी ४६ जना अर्थात् ४६ प्रतिशत, ८०–१०० शब्द मिलाउने विद्यार्थी ३६ जना अर्थात् ३६ प्रतिशत रहेका छन् । यस तथ्यलाई मनन गर्दा शब्दमा रहेको संयुक्त वर्ण लेखन क्षमताका दृष्टिले ६० प्रतिशतभन्दा माथि नतिजा हासिल गर्ने विद्यार्थी सङ्ख्या ८२ प्रतिशत रहेकाले नेपाली गैरमातृभाषी विद्यार्थीहरूको संयुक्त वर्ण लेखन क्षमता उत्कृष्ट रहेको देखिन्छ। समग्र विद्यार्थीको क्षमतासँग यो नतिजा तुलना गर्दा १.५ प्रतिशतले कम रहेको नतिजाका आधारमा गैरमातृभाषी विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमतामा खास भिन्नता देखिँदैन । मातृभाषी र गैरमातृभाषी

विद्यार्थीको क्षमता बिचको अन्तर जम्मा ३ प्रतिशत रहेको नतिजाका आधारमा भाषिक पृष्ठभूमिका कारण माध्यमिक तह (कक्षा १२) का विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमतामा खास अन्तर पाइँदैन।

**संयुक्त वर्ण लेखन क्षमताको विश्लेषण**

**'क्ष' संयुक्त वर्ण लेखन :** 'क्ष' वर्णको प्रयोग भएका शिक्षालय, लक्षित, क्षमा, कक्षा र क्षेत्र जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १८३.५ र प्रतिशत ९१.७५ रहेकाले समग्र विद्यार्थीको 'क्ष' वर्ण लेखन क्षमता अत्युच्च रहेको देखिन्छ। उक्त शब्दहरूमध्ये 'कक्षा' शब्द सबैभन्दा बढी १९९ जनाले र सबैभन्दा कम 'लक्षित' शब्द १५३ जनाले शुद्ध लेखन गरेको हुँदा उक्त तथ्यका आधारमा बारम्बार प्रयोग भइरहने शब्द प्रयोगमा विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमता उच्च रहेको तथ्य उजागर हुन आउँछ।

**'ज्ञ' संयुक्त वर्ण लेखन :** 'ज्ञ' वर्णको प्रयोग भएका यज्ञ, ज्ञापन, सर्वज्ञ, प्रज्ञा, जिज्ञासा जस्ता शब्दको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १५५ र प्रतिशत ७७.५ रहेकाले समग्र विद्यार्थीको 'ज्ञ' वर्ण लेखन क्षमता उच्च रहेको छ। यी शब्दमध्ये 'प्रज्ञा' शब्द सबैभन्दा बढी १८३ जनाले र सबैभन्दा कम 'सर्वज्ञ' शब्द ११० जनाले शुद्ध लेखन गरेको तथ्यका आधारमा बारम्बार प्रयोग भइरहने शब्द प्रयोगमा विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमता उच्च रहेको पुष्टि हुन्छ।

**'ऋ' संयुक्त वर्ण लेखन :** 'ऋ वर्णको प्रयोग भएका ऋषि, बृहत्, कृपा, नृत्य, वक्तृता जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १५० र प्रतिशत ७७.५ रहेकाले समग्र विद्यार्थीको 'ऋ' वर्ण लेखन क्षमता उच्च रहेको छ। यी शब्दमध्ये 'ऋषि' शब्द सबैभन्दा बढी १६९ जनाले र सबैभन्दा कम 'वक्तृता' शब्द १२१ जनाले शुद्ध लेखेको तथ्यका आधारमा व्यञ्जन वर्णसँग संयुक्त भई आउने 'ऋ' वर्ण ( ृ ) को भन्दा सग्लो 'ऋ' वर्णको प्रयोगमा विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमता उच्च देखिन्छ।

**'द्ध' संयुक्त वर्ण लेखन :** 'द्ध' वर्णको प्रयोग भएका बुद्ध, उद्धार, गिद्ध, सिद्धान्त, पद्धति जस्ता शब्दहरूको श्रुति लेखनमा सही उत्तर दिने विद्यार्थीको औसत मान ११४.६ र प्रतिशत ५७.३ रहेकाले समग्र विद्यार्थीको 'द्ध' वर्ण लेखन क्षमता मध्यम स्तरको रहेको छ। उक्त शब्दहरूमध्ये 'बुद्ध' शब्द सबैभन्दा बढी १३५ जना र सबैभन्दा कम 'सिद्धान्त' शब्द ९० जनाले शुद्ध लेखन गरेको तथ्यका आधारमा 'द्ध' वर्णको लेखन क्षमता सामान्य रहेको छ। उक्त वर्णको लेखनमा 'द्ध' वा द्‌ध लेखनलाई आधार मान्दा सही उत्तर दिने ५७ प्रतिशत विद्यार्थीमध्ये ४२.८ प्रतिशतले 'द्ध' प्रयोग गरेको पाइएको र १४.५ प्रतिशत विद्यार्थीहरूले 'द्‌ध' रूप प्रयोग गरेको तथ्यबाट विद्यार्थीहरू 'द्ध' रूपको प्रयोगतर्फ अग्रसर भएको पुष्टि हुन्छ।

**'द्व' संयुक्त वर्ण लेखन :** 'द्व' वर्णको प्रयोग भएका द्वेष, द्वारा, द्वितीय, विद्वान्, द्विरुक्त जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान ५८.८ र प्रतिशत २९.४ रहेकाले समग्र विद्यार्थीको 'द्व' वर्ण लेखन क्षमता निम्न स्तरको रहेको छ। उक्त शब्दहरूमध्ये 'द्वारा' शब्द सबैभन्दा बढी ८४ जनाले र सबैभन्दा कम 'द्विरुक्त' शब्द ३३ जनाले शुद्ध लेखन गरेका छन्। उक्त वर्णको लेखनमा 'द्व' वा 'द्‌व' लेखनलाई आधार मान्दा सही उत्तर दिने २९.४ प्रतिशत विद्यार्थीमध्ये २५.१ प्रतिशतले 'द्व' प्रयोग गरेको र ४.३ प्रतिशत विद्यार्थीहरूले 'द्‌व' रूप प्रयोग गरेको तथ्यबाट विद्यार्थीहरू 'द्व' रूपको प्रयोगतर्फ अग्रसर देखिन्छन्। यसमा पनि उनीहरूका लागि कम प्रयुक्त 'द्विरुक्त' शब्दको प्रयोगमा बढी त्रुटि पाइनुको कारण अभ्यस्त प्रयोगमा नआउनु हो भन्न सकिन्छ।

**'द्य' संयुक्त अक्षर लेखन :** 'द्य' वर्णको प्रयोग भएका उद्योग, विद्यार्थी, यद्यपि, विद्युत्, खाद्यान्न जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान ११०.८ र प्रतिशत ५५.४ रहेकाले समग्र विद्यार्थीको 'द्य' वर्ण लेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ। उक्त शब्दहरूमध्ये 'विद्यार्थी' शब्द सबैभन्दा बढी १३८ जनाले र सबैभन्दा कम 'यद्यपि' शब्द ७७ जनाले शुद्ध लेखन गरेको

पाइन्छ। उक्त वर्णको लेखनमा 'द्य' वा 'द्‍य' लेखनलाई आधार मान्दा सही उत्तर दिने ५५.४ प्रतिशत विद्यार्थीमध्ये ४४.७ प्रतिशतले 'द्य' प्रयोग गरेको र १०.७ प्रतिशत विद्यार्थीले 'द्‍य' रूप प्रयोग गरेको तथ्यबाट विद्यार्थीहरूले 'द्य' रूपको प्रयोग बढी गरेको देखिन्छ । यसमा पनि सिकारुले 'यद्यपि' शब्दको लेखनमा बढी त्रुटि गरेका छन्। उनीहरू उक्त शब्दको प्रयोगमा अभ्यस्त नभएकाले यस किसिमको त्रुटि दोहोरिएको पाइन्छ।

**'श्र' संयुक्त वर्ण लेखन :** 'श्र' वर्णको प्रयोग भएका श्रम, श्रद्धा, श्रमिक, श्रुति, श्रावणिक जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १५१.८ र प्रतिशत ७५.९ रहेकाले समग्र विद्यार्थीको 'श्र' वर्ण लेखन क्षमता उच्च स्तरको रहेको देखिन्छ । यी शब्दमध्ये 'श्रम' शब्द सबैभन्दा बढी १७८ जनाले र सबैभन्दा कम 'श्रद्धा' शब्द ९४ जनाले शुद्ध लेखन गरेको देखिन्छ। 'श्रद्धा' शब्दको लेखनमा बढी त्रुटि पाइनाको कारण उक्त शब्दको प्रयोग कम हुनु मान्न सकिन्छ।

**'ङ' संयुक्त वर्णको लेखन :** 'ङ्ग', 'ङ्ख', 'ङ्घ', 'ङ्क', 'द्भ' वर्णको प्रयोग भएका भङ्ग, शङ्ख, सङ्घीय, सङ्केत, सद्भाव जस्ता शब्दहरूको श्रुतिलेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १७०.६ र प्रतिशत ८५.३ रहेकाले समग्र विद्यार्थीको 'ङ' वर्ण संयुक्त अक्षर लेखन क्षमता अति उच्च स्तरको रहेको देखिन्छ। उक्त शब्दहरूमध्ये 'सङ्केत' शब्द सबैभन्दा बढी १९१ जनाले र सबैभन्दा कम 'शङ्ख' शब्द १४९ जनाले शुद्ध लेखन गरेको देखिन्छ । उक्त संयुक्त वर्णको लेखनमा 'ङ्ग' वा 'ङ्‍ग' जस्ता दुवै प्रकृतिका लेखनलाई सही उत्तर मान्दा ठिक उत्तर दिने ८५.३ प्रतिशत विद्यार्थीमध्ये २४.५ प्रतिशतले 'ङ्ग' जस्तो प्रयोग गरेको र ६०.८ प्रतिशत विद्यार्थीहरूले 'ङ्‍ग' जस्तो रूप प्रयोग गरेको तथ्यबाट विद्यार्थीहरूले 'ङ' अक्षर संयुक्त भएका शब्दमा संयुक्त 'ङ्‍ग' जस्तो रूपको प्रयोग बढी गरेको देखिन्छ । यसबाट विद्यार्थीहरू धर्को वा पाई नभएका वर्णहरूमा खप्ट्याएर नलेखी अलग अलग लेख्न अभ्यस्त रहन्छन् वा अलग अलग लेख्नेतर्फ प्रवृत्त रहेका देखिन्छन्।

**'ह' संयुक्त वर्णको लेखन :** 'ह' संयुक्त वर्णको प्रयोग भएका ब्राह्मण, प्रह्लाद, गन्हाउनु, गाह्रो, ल्होसार, आह्वान, ह्रस्व जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १३९.५७ र प्रतिशत ६९.७९ रहेकाले समग्र विद्यार्थीको 'ह' संयुक्त वर्ण लेखन क्षमता उच्च स्तरको रहेको देखिन्छ । उक्त शब्दहरूमध्ये 'गाह्रो' शब्द सबैभन्दा बढी १९२ जनाले र सबैभन्दा कम 'प्रह्लाद' शब्द १४९ जनाले शुद्ध लेखन गरेको देखिन्छ । उक्त वर्णको लेखनमा 'ह' संयुक्त वर्णमा ब्राम्हण, प्रल्हाद, गनाउनु, गारो, लोसार जस्ता उच्चारण निकट लेखनलाई सही उत्तर मान्दा ठिक उत्तर दिने ६९.७९ प्रतिशत विद्यार्थीमध्ये ६०.५९ प्रतिशत विद्यार्थीले परम्परा निकट प्रयोग गरेको र ५२.५ प्रतिशत विद्यार्थीहरूले भिन्न र उच्चारण निकट रूप प्रयोग गरेको तथ्यबाट विद्यार्थीहरूले 'ह' वर्ण संयुक्त भएका शब्दमा उच्चारण अनुसारको लेखनमा प्रवृत्त रहेका छन् । 'गन्हाउनु' शब्दको लेखनमा चाहिँ अधिकांश (१४०) विद्यार्थीहरूले 'गनाउनु' शब्द नै लेखेका हुनाले कम प्रचलित शब्दको लेखनमा विद्यार्थीहरूले उच्चारणलाई आधार मान्छन् भन्ने तथ्य उजागर भएको छ, तथापि गाह्रो, ल्होसार जस्ता शब्दमा चाहिँ उनीहरूले उच्चारणभन्दा लेख्य रूपकै ख्याल गरेको पाइन्छ।

**'द' संयुक्त वर्णको लेखन :** 'द' वर्णको प्रयोग भएका उद्घाटन, उद्गार, उद्बोधन जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १५९.३३ र प्रतिशत ७९.६६ रहेकाले समग्र विद्यार्थीको 'द' संयुक्त वर्ण लेखन क्षमता अति उच्च स्तरनिकट रहेको देखिन्छ। सबै शब्दहरूको शुद्ध लेखन गर्ने विद्यार्थी सङ्ख्या समेत उच्च र करिब समान रहेकाले 'द' वर्ण संयुक्त लेखनमा विद्यार्थीमा अन्योल रहेको देखिँदैन।

**'क्त' संयुक्त वर्णको लेखन :** 'क्त' वर्णको प्रयोग भएका वक्ता, शक्ति, पङ्क्ति, संयुक्त, न्युक्लियर जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १४८ र प्रतिशत ७४ रहेकाले समग्र विद्यार्थीको 'क्त' संयुक्त वर्ण लेखन क्षमता उच्च स्तरको रहेको देखिन्छ । उक्त अक्षरहरूको लेखनमा 'क्त' र 'क्‍त' गरी दुई रूपहरू भेटिन्छन् । परम्परागत 'क्त' लेख्ने विद्यार्थी प्रतिशत १२.३ र 'क्‍त' रूप प्रयोग गर्ने विद्यार्थी ६१.७ प्रतिशत रहेकाले विद्यार्थीको लेखन प्रवृत्ति 'क्‍त' रूपतर्फ झुकाउ राख्ने खालको देखिन्छ।

**'त्त' संयुक्त वर्णको लेखन :** 'त्त' संयुक्त वर्णको प्रयोग भएका भत्ता, उत्तर, महत्त्व, सम्पत्ति, अत्तालिनु जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १३८.८ र प्रतिशत ६९.४ रहेकाले समग्र विद्यार्थीको 'त्त' संयुक्त वर्ण लेखन क्षमता उच्च स्तरको पाइन्छ। यी शब्दहरूमध्ये 'उत्तर' शब्द सबैभन्दा बढी १८८ जनाले र सबैभन्दा कम 'महत्त्व' शब्द ९० जनाले शुद्ध लेखन गरेको देखिन्छ। उक्त वर्णको लेखनमा 'त्त' संयुक्त वर्णको उच्चारणमा 'त्त' नगरी 'त' गर्ने गरेको पाइन्छ । 'त्त' उत्तर दिने विद्यार्थी ३८.३ प्रतिशत र 'त्त' उत्तर दिने विद्यार्थी ३१.१ प्रतिशत भएको तथ्यबाट 'त्त' संयुक्त वर्णका सन्दर्भमा विद्यार्थीहरूको प्रयोग प्रवृत्ति मिश्रित प्रकृतिको छ।

**'द्द' संयुक्त वर्णको लेखन :** 'द्द' संयुक्त वर्णको प्रयोग भएका मुद्दा, रद्दी, उद्देश्य, उद्दीप्त, भद्दा जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान ७९.८ र प्रतिशत ३९.९ रहेकाले समग्र विद्यार्थीको 'द्द' संयुक्त वर्ण लेखन क्षमता न्यून स्तरको रहेको देखिन्छ। उक्त शब्दहरूमध्ये 'भद्दा' शब्द सबैभन्दा बढी १२८ जनाले र सबैभन्दा कम 'उद्दीप्त' शब्द २७ जनाले मात्र शुद्ध लेखन गरेको देखिन्छ । उक्त 'द्द' वर्ण लेखनको तथ्यका आधारमा अति कम प्रचलित 'उद्दीप्त' जस्ता शब्दमा विद्यार्थी अभ्यस्त हुन नसकेकाले अत्यधिक त्रुटि गरेको पाइन्छ। सही उत्तर दिने विद्यार्थीमध्ये 'द्द' रूपको प्रयोग गर्ने विद्यार्थी १८.२ प्रतिशत र 'द्‌द' उत्तर दिने विद्यार्थी २१.७ प्रतिशत भएको तथ्यबाट 'द्द' संयुक्त वर्णका सन्दर्भमा पनि विद्यार्थीहरूको लेखनमा मिश्रित खालको रहेको छ।

**'ल्व', 'ट्ठ', 'ट्ट' संयुक्त वर्णको लेखन :** 'ल्व', 'ट्ठ', 'ट्ट' संयुक्त वर्णको प्रयोग भएका ल्वाङ, लट्ठी, बट्टाइ, लामखुट्टे जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १२९ र प्रतिशत ६४.५ रहेकाले समग्र विद्यार्थीको 'ल्व', 'ट्ठ', 'ट्ट' संयुक्त वर्ण लेखन क्षमता उच्च स्तरतर्फ अग्रसर रहेको देखिन्छ । यी शब्दहरूमध्ये 'लामखुट्टे' शब्द सबैभन्दा बढी १६८ जनाले र सबैभन्दा कम 'लट्ठी' शब्द ६३ जनाले मात्र शुद्ध लेखन गरेको देखिन्छ। उक्त 'ल्व', 'ट्ठ', 'ट्ट' वर्ण लेखनको तथ्यका आधारमा 'लट्ठी' शब्दमा लट्टी, लठ्ठी जस्ता त्रुटि अधिक भेटिन्छन् । कथ्य भाषाको प्रभाव विद्यार्थीको लेखाइमा पर्दा यस्तो प्रकृतिको त्रुटि भएको निचोड निकाल्न सकिन्छ । सही उत्तर दिने विद्यार्थीमध्ये 'ड्ड/ट्ट' जस्तो रूपको प्रयोग गर्ने विद्यार्थी ३३.६२ प्रतिशत र 'ट्ठ' लेख्ने विद्यार्थी ३०.८८ प्रतिशत भएको तथ्यबाट संयुक्त वर्णका सन्दर्भमा पनि विद्यार्थीहरूको मिश्रित लेखन प्रवृत्ति देखिन्छ।

**'द्य' संयुक्त वर्णको लेखन :** 'द्‌य' संयुक्त वर्णको प्रयोग भएका कुद्‌यो, खाँद्‌यो, उड्‌यो, लड्‌यो जस्ता शब्दहरूको श्रुति लेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १८१ र प्रतिशत ९०.५ रहेकाले समग्र विद्यार्थीको 'द्‌य' संयुक्त वर्ण लेखन क्षमता अति उच्च स्तरको रहेको देखिन्छ। क्रियाका रूपमा रहेका तद्भव शब्दमा 'द' र 'य' को संयोग हुँदा 'द्‌य'का रूपमा अलग अलग नै लेख्ने प्रवृत्ति विद्यार्थीमा विकास भएको देखिन्छ । करिब सबै शब्दको लेखनमा एकरूपता पाइन्छ।

**'ड्ड' संयुक्त वर्णको लेखन :** 'ड्‌ड' संयुक्त वर्णको प्रयोग भएका अड्डा, ढड्डा जस्ता शब्दहरूको श्रुतिलेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १३३ र प्रतिशत ६६.५ रहेकाले समग्र विद्यार्थीको 'ड्ड' संयुक्त वर्ण लेखन क्षमता उच्च स्तरको छ। सही उत्तर दिने विद्यार्थीमध्ये 'ड्ड' रूपको प्रयोग गर्ने विद्यार्थी १४.२५ प्रतिशत र 'ड्‌ड' लेख्ने विद्यार्थी ५२.२५ प्रतिशत भएको तथ्यबाट 'ड्ड' संयुक्त वर्णको लेखनमा विद्यार्थीहरू हलन्ततर्फ अग्रसर देखिन्छन् ।

**'स' संयुक्त वर्णको लेखन :** 'श/स' वर्णसँग अरू वर्णको प्रयोग भएका श्लोक, स्थिर, स्वास्थ्य, स्मरण र स्थायी जस्ता शब्दहरूको श्रुतिलेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १६६.४ र प्रतिशत ८३.२ रहेकाले समग्र विद्यार्थीको 'श/स' संयुक्त वर्ण लेखन क्षमता उच्च स्तरको पाइन्छ । उक्त शब्दहरूमध्ये 'स्थायी' शब्दको लेखनमा 'स्थाई' लेख्ने विद्यार्थीहरू नै १२१ हुनाले भाषाको स्तरीय रूप प्रयोग गर्नेभन्दा विद्यार्थीहरू कथ्य र सरल प्रयोगतर्फ आकर्षित भएको देखिन्छ।

**'र' संयुक्त वर्णको लेखन :** 'र' वर्णको अन्य वर्णसँग मेल भएर हुने संयुक्त वर्णको प्रयोग भएका केन्द्र, क्रम, भित्र्याउँदा, राष्ट्र र पत्रकार जस्ता शब्दहरूको श्रुतिलेखन गराउँदा सही उत्तर दिने

विद्यार्थीको औसत मान १८४.८ र प्रतिशत ९२.४ रहेकाले समग्र विद्यार्थीको 'र' संयुक्त वर्ण लेखन क्षमता अति उच्च स्तरको मान्न सकिन्छ । यी शब्दहरूको लेखनमा विद्यार्थीहरूबिच एकरूपता पाइन्छ । अभ्यस्त प्रयोग भएका कारण विद्यार्थीमा र संयुक्त वर्णको लेखन त्रुटिरहित देखिन्छ।

**'प्र' संयुक्त वर्णको लेखन :** 'प्र' संयुक्त वर्णको प्रयोग भएका प्रेम, प्रकृति, प्रस्ताव, प्रहार जस्ता शब्दहरूको श्रुतिलेखन गराउँदा सही उत्तर दिने विद्यार्थीको औसत मान १९२ र प्रतिशत ९६ रहेकाले समग्र विद्यार्थीको 'प्र' संयुक्त वर्ण लेखन क्षमता अति उच्च स्तरको देखिन्छ । यी शब्दहरूको लेखनमा एकरूपता पनि पाइन्छ । बढी अभ्यस्त प्रयोग भएका कारण विद्यार्थीमा संयुक्त वर्णको लेखन त्रुटिरहित भएको निष्कर्षमा पुग्न सकिन्छ।

**निष्कर्ष**

अध्ययनको नतिजाका आधारमा समग्र विद्यार्थीको संयुक्त वर्ण लेखन क्षमता उच्च रहेको देखिन्छ भने भाषिक पृष्ठभूमिका दृष्टिले विद्यार्थीहरूको संयुक्त वर्ण लेखन क्षमतामा तात्त्विक अन्तर रहेको देखिँदैन । यसरी हेर्दा कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको संयुक्त वर्ण लेखन क्षमता उनीहरूको मातृभाषाका कारणले भन्दा पनि उनीहरूले हासिल गरेको भाषिक उपलब्धि वा क्षमताले बढी प्रभाव पारेको मान्न सकिन्छ। विद्यार्थीहरूको लेखाइमा बढी प्रयोग भइरहने क्ष, ज्ञ, श्र, प्र, र आदिको संयुक्ततामा आधारित वर्णमा कम त्रुटि हुने पाइएको भए पनि द्य, द्ध, द्व आदिको संयुक्तता भएका वर्णमा बढी त्रुटि पाइन्छ। ऋको प्रयोगमा सग्लो वर्णका रूपमा ऋ प्रयोगमा शुद्धता पाइए पनि अन्य वर्णसँग योग भएर आउने जस्तै : कृ, बृ आदिको लेखनमा बढी त्रुटि देखिन्छ। त्यस्तै ङ, त्त, क्त, द्ग आदिको संयुक्ततामा खप्टिएको वर्ण लेख्नेभन्दा हलन्त प्रयोग गरेर लेख्ने प्रवृत्ति विद्यार्थीमा पाइन्छ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्ग राज (२०७६ क), *समसामयिक नेपाली व्याकरण,* (सातौँ संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

अधिकारी, हेमाङ्ग राज (२०७६ ख), *भाषा विषयक चिन्तन : विविध सन्दर्भ,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

अधिकारी, हेमाङ्ग राज र शर्मा, केदार प्रसाद (२०६२), *प्रारम्भिक नेपाली शिक्षण,* (चौथो संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

आचार्य, शर्वराज (२०७४), *नेपाली वर्णविन्यासको मानकीकरणको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

आचार्य, शर्वराज (२०७५), *नेपाली व्याकरणको विकासक्रमिक अनुशीलन,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

दाहाल, बल्लभमणि (२०७४), नेपाली अक्षर, हेमाङ्ग राज अधिकारी (प्रधान सम्पा.), *साठी वर्षका भाषिक चर्चा* (पृपृ. ८३–९४), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०६७), *नेपाली भाषा सङ्गोष्ठी,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

न्यौपाने, टङ्कप्रसाद (२०६८), नेपाली वर्णविन्यासको मानकीकरण : समस्या र समाधान, गङ्गाप्रसाद उप्रेती (संयो.), *नेपाली भाषा सङ्गोष्ठी – २०६७,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

पाठ्यक्रम विकास केन्द्र, त्रिवि. (२०६६), *अनिवार्य नेपाली शिक्षण निर्देशिका,* काठमाडौँ : साझा प्रकाशन।

बन्धु, चूडामणि (२०६८), नेपाली भाषाको लेखन पद्धति : वर्णविचारदेखि लिपि व्याकरणसम्म, गङ्गाप्रसाद उप्रेती (संयो.), *नेपाली भाषा सङ्गोष्ठी–२०६७,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

शर्मा, तारानाथ (२०७३, कार्तिक ६), नेपाली भाषामा संयुक्त अक्षरको महत्त्व, *विचार,* अन्नपूर्ण पोस्ट दैनिक।

सापकोटा, महानन्द (२०७४), नेपाली व्याकरणमा प्रस्तावना, हेमाङ्ग राज अधिकारी (प्रधान सम्पा.), *साठी वर्षका भाषिक चर्चा* (पृपृ. ३४–५०), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।